**मिति २०८०/०९/०३ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना**

# एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड

**थापाथली, काठमाडौं ।**

## सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०।०९।०३**

**श्री शेयरधनी महानुभावहरू,**

मिति २०८०/०९/०२ गते बसेको सञ्चालक समितिको ९१औं बैठकको निर्णयानुसार यस कम्पनीको सातौं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न प्रस्तावहरू उपर छलफल गर्न बस्ने भएकोले कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति : २०८०/०९/२४ गते मंगलबार (तदनुसार ९ जनवरी, २०२४) ।**

**समय : बिहान ९:०० बजे ।**

**स्थान : नेपाल विद्युत प्राधिकरणको सभाकक्ष, दरबारमार्ग, काठमाडौं ।**

**साधारण सभामा छलफल हुने विषयहरू :**

**साधारण प्रस्ताव :**

(१) सातौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

(२) कम्पनीको आ.व. २०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहित वित्तीय विवरण (वासलात, नाफा/नोक्सान हिसाब र नगद प्रवाह विवरण (अनुसूची समेत) उपर छलफल गरी पारित गर्ने ।

(३) आ.व. २०८०/८१ का लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) विविध ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**